# मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेडको
# बाह्रौं वार्षिक साधारण सभाको विवरण तथा निर्णयहरू

## १. वैधानिक सभा :

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि. को मिति २०८१/०९/०७ गते बसेको सञ्चालक समितिको १६६ औं बैठकको निर्णयानुसार कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीबमोजिम संस्थाको बाह्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री कल्याण बिक्रम पाँडेज्यूको अध्यक्षतामा निम्नलिखित मिति, समय तथा स्थानमा निम्न विषयहरू उपर छलफल एवं निर्णय भई देहायबमोजिम सम्पन्न भयो ।

मिति : २०८१ माघ ०४ गते शुक्रबार ।
समय : बिहान ११:३० बजे प्रारम्भ भई दिउँसो १:०० बजे समापन ।
स्थान : सिद्धार्थ होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटको सभा कक्ष ।

## २. उपस्थिति :

(क) सञ्चालकहरूको उपस्थिति :

| क्र.सं. | विद्यमान सञ्चालकहरूको नाम | पद | प्रतिनिधित्व | ग्रहण गरेको शेयर कित्ता | | |
|---|---|---|---|---|---|---|
| | | | | संस्थापक | सर्वसाधारण | जम्मा |
| १ | श्री कल्याण बिक्रम पाँडे | अध्यक्ष | ग्लोबल आइएमई बैंक लि., कमलादी, काठमाडौं | १५८१७१६ | १६ | १५८१७३२ |
| २ | श्री नेपाल भुषण श्रेष्ठ | सञ्चालक | प्राइम कमर्सियल बैंक लि., कमलपोखरी, काठमाडौं | ७९०८५९ | १३३१४१ | ९२४००० |
| ३ | श्री सुमन मुलेपती | सञ्चालक | सिटिजन्स बैंक इन्टरनेसनल लि., नारायणहिटी पथ, काठमाडौं | ७७९५६० | १३१२४१ | ९१०८०१ |
| ४ | श्री सजना मानन्धर | सञ्चालक | कुमारी बैंक लि., नक्साल, काठमाडौं | ७९०८५९ | १३३१४२ | ९२४००१ |
| ५ | श्री बद्री प्रसाद पुडासैनी | सञ्चालक | सर्वसाधारण समूह | – | ६८० | ६८० |
| ६ | श्री ज्ञानुकृष्ण अधिकारी | सञ्चालक | सर्वसाधारण समूह | – | ४०१ | ४०१ |
| ७ | श्री आयुष ओझा | सञ्चालक | स्वतन्त्र | – | – | – |

(ख) अन्य पदाधिकारी एवं पर्यवेक्षकको उपस्थिति :

| क्र.सं. | अन्य पदाधिकारी एवं पर्यवेक्षकको नाम | पद | प्रतिनिधित्व |
|---|---|---|---|
| १ | श्री रामहरि दाहाल | प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| २ | श्री नबराज दाहाल | नायव प्रमुख कार्यकारी अधिकृत | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |
| ३ | श्री मन्दीप लुईटेल | प्रमुख कार्यकारी अधिकृत | ग्लोबल आईएमई क्यापिटल लि., नक्साल, काठमाण्डौं |
| ४ | श्री शालीग्राम भट्टराई | निर्वाचन अधिकृत | मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि., बट्टार, नुवाकोट |

(ग) शेयरधनीहरूको उपस्थिति विवरण :

वित्तीय संस्थाको कुल शेयरधनी संख्या यस प्रकार रहेको छ ।

संस्थापक शेयरधनीको संख्या : ९६ (छ्यानब्बे)
सर्वसाधारण शेयरधनीको संख्या : ५६,१२९ (छपन्न हजार एक सय उन्नतिस) रहेकोमा सभामा निम्नबमोजिम उपस्थिति रह्यो ।

| बिक्री भएको कूल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा |
|---|---|---|---|---|---|
| १,३२,००,००० | ७८,४०,८०० | ५३,५९,२०० | १० | २७ | ३७ |

## ३. सभाको वैधानिकता :

(क) सभाको बारेमा सार्वजनिक सूचना :

कम्पनी ऐन २०६३ को दफा ६७(२) र कम्पनीको नियमावलीको नियम ४(३) बमोजिम सभा हुने मिति, स्थान, समय र छलफलको विषयको सूचना शेयरधनी महानुभावहरूको जानकारीको लागि मितिः २०८१ पौष ८ गते र ९ गते राष्ट्रिय दैनिक पत्रिका "कारोबार" मा प्रकाशित गरिएको र मिति २०८१/०९/१८ गतेसम्म कम्पनीको शेयरधनी दर्ता पुस्तिकामा कायम रहेका शेयरधनी

महानुभावहरूलाई आ.व. २०८०/८१ को वार्षिक प्रतिवेदनका साथ सभाको सूचना, सभाको प्रवेशपत्र तथा प्रोक्सी फारामहरू यस संस्थाको Website मार्फत सार्वजनिक गरिएको थियो भन्ने ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट जानकारी गराइयो ।

(ख) गणपूरक संख्या :

यस साधारण सभा प्रयोजनको लागि कम्पनीको शेयरधनी दर्ता पुस्तिका मिति २०८१ पौष १८ मा कायम शेयरधनीहरू तथा उनीहरूले लिएको शेयरको विवरण यस प्रकार रहेको थियो ।

| क्र.सं. | शेयरधनी | शेयरधनी संख्या | शेयर कित्ता | कैफियत |
|---|---|---|---|---|
| १ | संस्थापक शेयरधनीहरू | ९६ | ७८,४०,८०० | |
| २ | सर्वसाधारण शेयरधनीहरू | ५६,१२९ | ५३,५९,२०० | |
| | जम्मा | ५६,२२५ | १,३२,००,००० | |

कम्पनी ऐन २०६३ को दफा ७३(२) बमोजिम आवश्यक गणपूरक संख्या (कम्पनीको शेयरधनीहरू स्वयं वा प्रतिनिधिमार्फत भएको उपस्थिति एवं उपस्थित शेयरधनीहरूले ग्रहण गरेको साधारण शेयरहरूको संख्या) देहायबमोजिम रहेको ब्यहोरा कम्पनी सचिव श्री रामहरि दाहालबाट अवगत भयो र उपस्थित शेयरधनीहरूले उपरोक्त ब्यहोरा जानकारी लिँदै सभा कानुनबमोजिम बोलाइएको हुँदा पूर्वसूचित प्रस्तावहरूमा छलफल गर्न मञ्जुर गर्नुभयो ।

| बिक्री भएको कुल शेयर संख्या | शेयर संख्या (संस्थापक समूह) | शेयर संख्या (सर्वसाधारण समूह) | संस्थापक समूह उपस्थित संख्या | सर्वसाधारण समूह उपस्थित संख्या | जम्मा | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|---|
| १,३२,००,००० | ७८,४०,८०० | ५३,५९,२०० | ६८,४४,२०३ | ६,६९,६८१ | ७५,१३,८८४ | ५६.९२ |

४. सभामा प्रस्तुत छलफलका विषयहरू :

शेयरधनीहरूको जानकारीका लागि कम्पनीले प्रकाशन गरेको सूचना र कम्पनीले शेयरधनीहरूलाई वितरण गरेको आफ्नो वार्षिक प्रतिवेदनमा उल्लेख गरिएबमोजिम यस वार्षिक साधारण सभामा छलफलका विषयहरू देहायबमोजिम रहेका थिए ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।



MERO MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. HEAD OFFICE BATTAR NUWAKOT Estd 2069

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०८१/८२ का लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ०.३९४७ प्रतिशतले हुन आउने नगद लाभांश रू. ५२,१०,५२६/३२ (अक्षेरेपी बाउन्न लाख दश हजार पाँच सय छब्बीस र पैसा बत्तिस मात्र), बोनस शेयरको कर प्रयोजनका लागि दिने प्रस्तावमाथि छलफल गरी पारित गर्ने ।

५. सर्बसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुन आउने रकम रू. ९,९०,००,०००/- (अक्षेरेपी नौ करोड नब्बे लाख मात्र) बराबरको बोनस शेयर जारी गर्ने ।

२. बोनश सेयर वितरण पश्चात कायम रहने पूँजी संरचना संस्थापक सेयरधनीको तर्फबाट ५९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ४०.६० प्रतिशत रहेकोमा सो सेयर स्वामित्व परिवर्तन गरी संस्थापक सेयरधनीको तर्फबाट ५१ प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ४९ प्रतिशत कायम गर्ने ।

३. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख), (ग), (ङ) र (च) मा र नियमावलीको दफा २७ (२) आवश्यक संशोधन गर्ने सम्बन्धी विशेष प्रस्तावमा छलफल गरी पारित गर्ने र प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने सम्बन्धमा ।

(ग) विविध ।

## ५. सभाको सभापतित्व तथा उद्घाटन :

यस वार्षिक साधारण सभा सञ्चालनका लागि वैधानिक आवश्यकता पूरा भएकोले कम्पनी ऐन २०६३ को दफा ७४ (१) र कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीको सञ्चालक समितिका अध्यक्ष श्री कल्याण बिक्रम पाँडेज्यूलाई सभाको सभापतित्व गर्न अनुरोध



MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. HEAD OFFICE BATTAR NUWAKOT Estd 2069

गरियो र त्यसै अनुरूप उहाँले सभाको सभापतित्व गर्नु भयो । तत्पश्चात् सभापति महोदयले पानसमा बत्ती बाली सभाको उद्घाटन गर्दै सभाको कार्यक्रमअघि बढाउनुभयो ।

६. स्वागत मन्तव्य :

सभापतिज्यूको अनुमति लिई संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री रामहरि दाहालले सभामा उपस्थित सञ्चालक समितिका सदस्य, शेयरधनी महानुभावहरू एवं अन्य आमन्त्रित महानुभावहरूलाई हार्दिक स्वागत गर्नुभयो ।

७. बाह्रौं वार्षिक प्रतिवेदन प्रस्तुत :

सभाको कामकारबाही शुरु गर्ने क्रममा सञ्चालक समितिका तर्फबाट अध्यक्ष श्री कल्याण बिक्रम पाँडेज्यूले शेयरधनीहरूलाई सम्बोधन तथा स्वागत गर्दै सञ्चालक समितिको वार्षिक प्रतिवेदन पढेर सुनाउनुभयो । त्यसपछि लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण साधारण सभा समक्ष छलफल तथा निर्णयको रूपमा पारित गर्नका लागि प्रस्तुत गर्नुभयो । आ.व. २०८०/८१ मा संस्थाले गरेको प्रगति तथा आ.व. २०८१/८२ को भावी योजना तथा अन्य कार्यक्रमहरूका बारेमा विवरणहरू प्रस्तुत गर्नुभयो । त्यसका साथै अन्त्यमा धन्यवाद ज्ञापन गर्नुहुँदै शेयरधनीहरूको तर्फबाट कुनै जिज्ञासा तथा प्रतिक्रिया भए व्यक्त गर्नका लागि समय प्रदान गर्नुभयो ।

८. साधारण सभामा उठेका जिज्ञासा एवं प्रत्युत्तर :

(क) सर्वसाधारण शेयरधनी श्री दिपक प्रधानले संस्थाले गत वर्ष पनि लाभांश नदिएको र यस वर्ष लाभांशको दर कम भएको, दोहोरो अंकमा लाभांश दिनु पर्ने, शाखा संख्या बढी भएर खर्च बढी भएको हो की ? साधारण सभा गर्ने स्थान टाडा भएर काठमाण्डौबाट आउन समस्या रहेको भन्ने गुनासो गर्नु भयो ।

शेयरधनीका प्रतिनिधिले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका सभापतिले देहायबमोजिमको जवाफ दिनुभयो ।

सर्वप्रथम, काठमाडौंबाट यस साधारण सभामा सहभागी हुन आउनु भएकोमा वक्तालाई हार्दिक धन्यवाद दिनु भयो ।

सर्वसाधारण शेयरधनीको प्रश्नमा गत वर्ष वित्तीय संस्थाको करीब ५ प्रतिशतको लाभांश क्षमता भएता पनि यस वर्ष दोहोरो अंकमा प्रदान गर्ने विश्वासको साथ काम गर्दै गरेकोमा यस वर्ष पनि उत्साह जनक ब्यापार नबढेको, कर्जा मिनाह हुन्छ भन्ने भ्रमका कारण ऋणीहरुले समयमा कर्जा नतिंदा ब्याज असूली नभएको र कर्जा नोक्सानी ब्यवस्थामा खर्च लेख्नु परेको कारणले लाभांश क्षमता कम भएको तथापि यस वर्ष धेरै लघुवित्त वित्तीय संस्थाले लाभांश नदिएको तर यस संस्थाले दिएको ब्यहोरा जानकारी गराउनु भयो । साथै शाखा कार्यालय बढी भएर खर्च बढी



MEGHNA MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. HEAD OFFICE BATTAR, NUWAKOT Estd. 2069

नहुने बरु ब्यापार विस्तार हुने ब्यहोरा समेत बताउनु भयो । वित्तीय संस्थाको केन्द्रीय कार्यालय नुवाकोट जिल्ला भएकाले साधारण सभा सोही स्थानमा गरेको ब्यहोरा समेत जानकारी दिनु भयो ।

शेयरधनीका प्रतिनिधिले राख्नुभएको जिज्ञासा र सुझावका सम्बन्धमा सभाका अध्यक्षज्यूले जवाफ दिनुभएपछि छलफलको क्रम समाप्त भएको कम्पनी सचिवले सभामा जानकारी गराउनुभयो ।

९. सभाका निर्णयहरू :

आजको सभामा शेयरधनी महानुभावहरूले दिनुभएको अमूल्य सुझाव, सल्लाहलाई संस्थाले उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दै आजको सभामा प्रस्तुत पूर्वसूचित प्रस्तावहरूलाई क्रमशः पारित गरिदिन अध्यक्षज्यूले अनुरोध गर्नुभयो । सबै प्रस्तावहरू उपर सभाका शेयरधनीहरूको सर्वसम्मत निर्णयबाट देहायबमोजिम पारित गरियो ।

(क) सामान्य प्रस्तावहरू

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन सर्वसम्मतिले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वासलात तथा मिति २०८० श्रावण १ देखि २०८१ आषाढ मसान्तसम्मको नाफा/नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरू सर्वसम्मतिले पारित गरियो ।

३. आ.व. २०८१/८२ को लागि लेखापरीक्षक नियुक्ति गर्ने तथा निजको पारिश्रमिक तोक्ने सम्बन्धमा लेखापरीक्षण समितिबाट सिफारिस भएबमोजिम श्री जोशी एण्ड भण्डारी, डिल्ली बजार, काठमाडौँलाई नियुक्त गर्ने र निजलाई वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्गफम लेखापरीक्षण र प्रमाणिकरणवापतको पारिश्रमिक स्वरूप रू. ११,३०,०००/- (अक्षरेपी एघार लाख तिस हजार मात्र) कर सहित प्रदान गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

४. सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ०.३९४७ प्रतिशतले हुन आउने नगद लाभांश रू. ५२,१०,५२६/३२ (अक्षेरेपी बाउन्न लाख दश हजार पाँच सय छब्बीस र पैसा बत्तिस मात्र), बोनस शेयरको कर प्रयोजनका लागि दिने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

५. सर्बसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ जना सञ्चालकको निर्वाचन गर्ने प्रयोजनका लागि निर्वाचन कार्यक्रम अनुसार श्री बद्री प्रसाद पुडासैनी र श्री ज्ञानुकृष्ण अधिकारी सञ्चालकमा निर्विरोध निर्वाचित भएको ब्यहोरा निर्वाचन अधिकृतबाट जानकारी भयो । साथै नव निर्वाचित सञ्चालकज्यूहरूलाई प्रमाण पत्र र सफल कार्यकालको शुभकामना ब्यक्त गरियो ।



MERO MICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD. HEAD OFFICE BATTAR, NUWAKOT Estd. 2069

(ख) विशेष प्रस्तावहरू

१. सञ्चालक समितिबाट पारित भएबमोजिम २०८१ आषाढ मसान्तमा कायम रहेको चुक्ता पूँजीको ७.५ प्रतिशतले हुन आउने रकम रू. ९,९०,००,०००/- (अक्षेरेपी नौ करोड नब्बे लाख मात्र) बराबरको बोनस शेयर जारी गर्ने प्रस्ताव सर्वसम्मतिले पारित गरियो ।

२. बोनश सेयर वितरण पश्चात कायम रहने पूँजी संरचना संस्थापक सेयरधनीको तर्फबाट ५९.४० प्रतिशत र सर्वसाधारण सेयरधनीको तर्फबाट ४०.६० प्रतिशत रहेकोमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११ को उपदफा ४ र नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७९ को निर्देशनको अधिनमा रहि संस्थापक तर्फको शेयर स्वामित्व ५१ प्रतिशत र सर्वसाधारण तर्फको शेयर स्वामित्व ४९ प्रतिशत कायम गर्न सकिने प्रावधान अनुसार संस्थापक समूहको सेयर स्वामित्व ५१ प्रतिशत र सर्वसाधारण सेयर स्वामित्व ४९ प्रतिशत कायम हुने प्रकृया अगाडी बढाउन नेपाल राष्ट्र बैंक सँग स्वीकृती माग गरिएकोमा नेपाल राष्ट्र बैंकबाट मिति २०८१ श्रावण ३२ गतेको पत्र मार्फत स्वीकृती प्राप्त भै सकेको ब्यहोरा साधारण सभामा जानकारी भयो ।

स्वीकृत प्राप्त भए पश्चात संस्थापक शेयर सर्वसाधारण समूहमा परिवर्तन गर्न नचाहनु हुने संस्थापक शेयरधनीहरूका लागि मिति २०८१ भाद्र ०३ गतेको कारोबार राष्ट्रिय दैनिकमा ३५ दिने सूचना प्रकाशित भएकोमा सो अवधिसम्ममा कुनै पनि संस्थापकबाट शेयर संरचना परिवर्तन नगर्ने भन्ने निवेदन प्राप्त नभएको र सो ३५ दिनको समयवधी २०८१ असोज ६ गते सकिसकेको ब्यहोरा समेत जानकारी भयो ।

तसर्थ संस्थापक तर्फको शेयर स्वामित्व ५१ प्रतिशत कायम रहने गरी बाँकी रहेको ८.४० प्रतिशत बिन्दुसम्म सर्वसाधारण शेयरमा परिवर्तन गर्न सकिने प्रावधान अनुसार बोनश शेयर जारी पश्चात हुने चुक्ता पूँजी रू. १,४१,९०,००,०००/– (अक्षरेपी एक अर्ब एकचालिस करोड नब्बे लाख) को ८.४० प्रतिशत बिन्दुले हुने रू. ११,९१,९६,०००/– बराबरको ११,९१,९६० कित्ता संस्थापक समूहको सेयर सर्वसाधारण समूहमा परिवर्तन गरी संस्थापकको सेयर स्वामित्व ५१ प्रतिशत र सर्वसाधारण सेयर स्वामित्व ४९ प्रतिशत कायम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

२. वित्तीय संस्थाको प्रबन्धपत्रको दफा ६ (ख), (ग), (ङ) र (च) मा र नियमावलीको दफा २७ (२) मा आवश्यक संशोधन गर्ने सम्बन्धी तपसिल बमोजिमको विशेष प्रस्ताव सर्वसम्मतिले पारित गरियो । साथै प्रस्तावित संशोधनमा नियमनकारी निकायहरूबाट कुनै फेरबदल वा संशोधन वा परिमार्जनका लागि निर्देशन वा सुझाव आएमा सोहीबमोजिम गर्न/गराउन सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय समेत सर्वसम्मतिले गरियो ।

तपसिल :

प्रबन्धपत्रको प्रस्तावित संशोधनको तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
| --- | --- | --- |
| ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. १,३२,००,००,०००/- (अक्षरेपी एक अर्ब बत्तीस करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,३२,००,००० (एक करोड बत्तीस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १,३२,००,००,०००/- (अक्षरेपी एक अर्ब बत्तीस करोड मात्र) हुनेछ । | ६. वित्तीय संस्थाको पूँजीको संरचना : यस वित्तीय संस्थाको पूँजीको संरचना देहाय बमोजिम हुनेछ :–<br><br>(ख) वित्तीय संस्थाको जारी पूँजी रू. १,४१,९०,००,०००/- (अक्षरेपी एक अर्ब एकचालीस करोड नब्बे लाख मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रू. १००/- दरका १,४१,९०,००० (एक करोड एकचालीस लाख नब्बे हजार) थान साधारण शेयरमा विभाजन गरिएको छ ।<br><br>(ग) वित्तीय संस्थाको चुक्ता पूँजी रू. १,४१,९०,००,०००/- (अक्षरेपी एक अर्ब एकचालीस करोड नब्बे लाख मात्र) हुनेछ । | संस्थाले ७.५ प्रतिशतले हुन आउने रू. ९,९०,००,०००/ (अक्षरेपी नौ करोड नब्बे लाख मात्र) बराबरको बोनस शेयर जारी गरी चुक्ता पूँजी वृद्धि गर्न प्रस्ताव गरिएकाले । |
| (ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५९.४ प्रतिशत हुनेछ ।<br><br>(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४०.६ प्रतिशत हुनेछ । | (ङ) संस्थापक शेयरधनीहरुलाई समूह "क" मा वर्गिकरण गरिएको छ र यो समूहको शेयर स्वामित्व ५१ प्रतिशत हुनेछ ।<br><br>(च) सर्वसाधारणमा बिक्री गरिने शेयर खरिद गर्ने शेयरधनीलाई समूह "ख" मा वर्गिकरण गरिएको छ । यो समूहको शेयर स्वामित्व ४९ प्रतिशत हुनेछ । | नेपाल राष्ट्र बैंकबाट स्वीकृती प्राप्त गरी अन्य कानूनी प्रक्रिया पुरा गरी सकेकाले । |

नियमावलीमा संशोधन सम्बन्धी तीन महले विवरण

| साविक | प्रस्तावित संशोधन | कारण |
|---|---|---|
| २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :<br><br>(२) यस वित्तीय संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा "क" समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ४ जना, "ख" समूहका सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित २ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् । ७ जनाको सञ्चालक समितिमा १ जना महिला सदस्य अनिवार्य हुनेछ । | २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :<br><br>(२) यस वित्तीय संस्थामा ७ जनाको सञ्चालक समिति हुनेछ जसमा "क"समूहमा रहेका संस्थापक समूहबाट मनोनित/निर्वाचित ३ जना, "ख" समूहका सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित ३ जना र १ जना स्वतन्त्र सञ्चालक हुनेछन् । ७ जनाको सञ्चालक समितिमा १ जना महिला सदस्य अनिवार्य हुनेछ । | संस्थाको शेयर संरचना अनुरुप सञ्चालक समिति गठन गर्न । |

(ग) विविध

विविध अन्तर्गत यस बाह्रौं वार्षिक साधारण सभाको निर्णयको आधिकारिकताका लागि सञ्चालक समितिका अध्यक्ष र कम्पनी सचिवले हस्ताक्षर गर्ने निर्णय समेत सर्वसम्मतिले पारित गरियो ।

१०. धन्यवाद ज्ञापन :

यस संस्थाको सञ्चालनमा सहयोग गर्ने श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत विभिन्न संघ-संस्था तथा व्यक्तिहरूलाई धन्यवाद दिने निर्णय गरियो । साथै यस संस्थाको सञ्चालक समितिको सदस्यका हैसियतले आफ्नो कार्यकालमा अतुलनीय योगदान पुऱ्याउनु हुने सम्पूर्ण सदस्य महानुभावहरूलाई समेत धन्यवाद सहित आभार प्रकट गर्ने निर्णय गरियो ।

११. कम्पनी सचिव श्री रामहरि दाहालले आजको यस बाह्रौं वार्षिक साधारण सभामा समावेश विषयसूची अन्तर्गतका सम्पूर्ण विषयहरू समाप्त भएको ब्यहोरा जानकारी गराउनु हुँदै आजको यस साधारण सभा समापन गरिदिनको लागि अध्यक्ष एवं सभापतिज्यूलाई अनुरोध गर्नुभयो ।

१२. विषयसूचीमा रहेका सम्पूर्ण कार्यक्रमहरू समाप्त भएको जानकारी प्राप्त भएपश्चात् अध्यक्षज्यूले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई उहाँहरूको अमूल्य सुझाव तथा सल्लाहको लागि धन्यवाद दिनुभयो । त्यसैगरी आजको यस बाह्रौं वार्षिक साधारण सभा शान्ति एवं सौहार्दपूर्ण वातावरणमा सरल किसिमबाट सम्पन्न गर्न सहयोग पुऱ्याउने सम्पूर्ण शेयरधनी,

श्री नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, लेखापरीक्षक, विभिन्न संघ-संस्थाका प्रतिनिधिहरू, नेपाल प्रहरी, पत्रकार महानुभावहरू, संस्थाका सञ्चालकहरू र सम्पूर्ण कर्मचारीहरू लगायत यस सभाहल उपलब्ध गराई सहयोग गर्ने सिद्धार्थ होटल वाटर टावर, विदुर -४, बट्टार, नुवाकोटलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै यस बाह्रौं वार्षिक साधारण सभा विसर्जन भएको घोषणा गर्नु भयो ।

श्री समहरि दाहाल
कम्पनी सचिव

श्री कल्याण बिक्रम पाँडे
अध्यक्ष

सभा सम्पन्न मिति : २०८१ माघ ०४ गते शुक्रबार, तदनुसार जनवरी १७, २०२५ ।